माथागढी गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड १०	संख्या : ३	मितिः२०८३/०८/०३

भाग २

माथागढी गाउँपालिका

लुम्बिनी प्रदेश, नेपाल

संवत् २०८३ सालको कार्यविधि संख्या ३

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आधारभूत स्वास्थ्य सेवाको सञ्चालन, व्यवस्थापन तथा गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी प्रदान गरेको छ। स्वास्थ्य सेवाको गुणस्तर सुधार, स्वास्थ्यकर्मीहरूको कार्यसम्पादनमा उत्प्रेरणा अभिवृद्धि तथा सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई सम्मान तथा प्रोत्साहन प्रदान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) एवं माथागढी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि,२०७४ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ।

उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१६
राजपत्रमा प्रकाशित मितिः २०८३/०८/०३

प्रस्तावनाः

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आधारभूत स्वास्थ्य सेवाको सञ्चालन, व्यवस्थापन तथा गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी प्रदान गरेको छ।

स्वास्थ्य सेवाको गुणस्तर सुधार, स्वास्थ्यकर्मीहरूको कार्यसम्पादनमा उत्प्रेरणा अभिवृद्धि तथा सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई सम्मान तथा प्रोत्साहन प्रदान गर्ने उद्देश्यले माथागढी गाउँपालिकाले यो "**उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८३**" जारी गरेको हो।

परिच्छेद—१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि माथागढी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

क) स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नु।

ख) स्वास्थ्यकर्मीहरूलाई जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्न उत्प्रेरित गर्नु।

ग) स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता, जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्नु।

घ) उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई सम्मान तथा प्रोत्साहन प्रदान गर्नु।

ङ) स्वास्थ्य कार्यक्रमका लक्ष्य तथा सूचकहरूको उपलब्धिमा सहयोग पुऱ्याउनु।

३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "गाउँपालिका" भन्नाले **माथागढी गाउँपालिका** सम्झनुपर्छ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिका अन्तर्गत सञ्चालित आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइ सम्झनुपर्छ।
(ग) "स्वास्थ्यकर्मी" भन्नाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्छ।
(घ) "प्रोत्साहन" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने नगद, प्रशंसापत्र, सम्मानपत्र वा अन्य सम्मान सम्झनुपर्छ।
(ङ) "मूल्यांकन समिति" भन्नाले दफा ६बमोजिम गठित समिति सम्झनुपर्छ।

परिच्छेद—२
प्रोत्साहन सम्बन्धी व्यवस्था

४. प्रोत्साहन प्राप्त गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी

(१) माथागढी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरू तथा त्यहाँ कार्यरत स्वास्थ्यकर्मीहरू यस कार्यविधिबमोजिम प्रोत्साहनका लागि योग्य हुनेछन्।
(२) प्रोत्साहन प्राप्त गर्न स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी/कर्मचारीले यस कार्यविधिमा तोकिएका मूल्यांकनका आधार तथा न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

५. मूल्यांकनका आधार

(१) स्वास्थ्य संस्थाको मूल्यांकन देहायका आधारमा गरिनेछः

क) स्वास्थ्य सेवा प्रवाहको अवस्था।
ख) वार्षिक स्वीकृत स्वास्थ्य कार्यक्रमको कार्यान्वयन।
ग) नियमित तथा गुणस्तरीय प्रतिवेदन (HMIS/DHIS2 लगायत)।
घ) औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन।
ङ) अभिलेख तथा तथ्याङ्क व्यवस्थापन।
च) स्वास्थ्य संस्थाको सरसफाइ तथा व्यवस्थापन।
छ) सेवाग्राहीमैत्री सेवा तथा सेवाग्राही सन्तुष्टि।

(२) स्वास्थ्यकर्मीको मूल्यांकन देहायका आधारमा गरिनेछः

क) नियमित हाजिरी तथा समय पालना।
ख) जिम्मेवारी अनुसारको कार्यसम्पादन।
ग) सेवाग्राही प्रति व्यवहार तथा व्यावसायिक आचरण।
घ) प्रतिवेदन तथा अभिलेख व्यवस्थापन।
ङ) स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा योगदान।



६. मूल्यांकन समिति

(१) मूल्यांकन तथा प्रोत्साहनका लागि देहायबमोजिम समिति रहनेछः

प्रमुख प्रशासकीय अधिकृत	संयोजक
सामाजिक विकास समितिका संयोजक	सदस्य
प्रशासन शाखा प्रमुख	सदस्य
लेखा शाखा प्रमुख	सदस्य
योजना शाखा प्रमुख	सदस्य
स्वास्थ्य शाखा प्रमुख	सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको काम, कर्तव्य तथा अधिकार

समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

क) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यसम्पादन मूल्यांकन गर्ने।

ख) आवश्यकता अनुसार स्थलगत अनुगमन तथा अभिलेख परीक्षण गर्ने।

ग) मूल्यांकनका आधारमा प्रोत्साहनका लागि योग्य स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी सिफारिस गर्ने।

घ) मूल्यांकन सम्बन्धी गुनासो उपर आवश्यक निर्णयका लागि सिफारिस गर्ने।

ङ) कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव दिने।

८. मूल्यांकन प्रक्रिया

(१) स्वास्थ्य शाखाले प्रत्येक आर्थिक वर्षको अन्त्यमा मूल्यांकन प्रक्रिया सञ्चालन गर्नेछ।

(२) मूल्यांकन गर्दा अभिलेख, प्रतिवेदन, स्थलगत अनुगमन तथा अन्य आवश्यक प्रमाणका आधारमा अंक प्रदान गरिनेछ।

(३) मूल्यांकनको विस्तृत आधार तथा अंकभार अनुसूची—१ र अनुसूची—२ बमोजिम हुनेछ।

(४) मूल्यांकन समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाले प्रोत्साहन प्रदान गर्ने निर्णय गर्नेछ।

परिच्छेद—३

प्रोत्साहन सम्बन्धी व्यवस्था

९. प्रोत्साहनको प्रकार

(१) यस कार्यविधि बमोजिम उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई देहायबमोजिम प्रोत्साहन प्रदान गर्न सकिनेछः

क) नगद प्रोत्साहन।

ख) प्रशंसापत्र।
ग) सम्मानपत्र।
घ) मायाको चिनो।
ङ)अन्य उपयुक्त गैर—आर्थिक प्रोत्साहन।

१०. प्रोत्साहन वितरणको आधार

(१) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई मूल्यांकनबाट प्राप्त अंकका आधारमा प्रोत्साहन प्रदान गरिनेछ।
(२) प्रोत्साहन प्राप्त गर्न मूल्यांकन समितिले तोकेको न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्नेछ।
(३) प्रोत्साहन वितरण गर्दा निष्पक्षता, पारदर्शिता तथा समानताको सिद्धान्त अवलम्बन गरिनेछ।

११. बजेट व्यवस्था

(१) यस कार्यक्रमका लागि गाउँपालिकाबाट स्वीकृत वार्षिक बजेटबाट खर्च व्यहोर्नेछ।

१२. प्रोत्साहन वितरण प्रक्रिया

(१) मूल्यांकन समितिले प्राप्त नतिजाको आधारमा प्रोत्साहनका लागि योग्य स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सिफारिस गर्नेछ।

(२) समितिको सिफारिस गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रोत्साहन वितरण गरिनेछ।

परिच्छेद—४
विविध

१३. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अस्पष्टता वा द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. संशोधन तथा बचाउ

(१) यस कार्यविधिमा आवश्यक संशोधन गाउँकार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।
(२) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित नेपाल कानून, गाउँपालिकाको नीति तथा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसूची–१

(दफा ८(३) सँग सम्बन्धित)

स्वास्थ्य संस्था कार्यसम्पादन मूल्यांकन फाराम

स्वास्थ्य संस्थाको नाम : .....

मूल्यांकन अवधि : .....

क्र.सं.	मूल्यांकनका आधार	पूर्णाङ्क	प्राप्ताङ्क	कैफियत
१	नियमित स्वास्थ्य सेवा प्रवाह	२०		
२	स्वास्थ्य कार्यक्रम (खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, NCD आदि) को प्रभावकारी कार्यान्वयन	२५		
३	HMIS/DHIS-2 लगायतका प्रतिवेदन समयमै तथा गुणस्तरीय रूपमा पेश गरेको	१५		
४	औषधि तथा स्वास्थ्य सामग्रीको उचित व्यवस्थापन	१०		
५	अभिलेख तथा रजिस्टर अद्यावधिक	१०		
६	स्वास्थ्य संस्थाको सरसफाइ तथा Infection Prevention and Control (IPC)	१०		
७	सेवाग्राहीमैत्री सेवा तथा गुनासो व्यवस्थापन	१०		
जम्मा		१००		

मूल्यांकनकर्ताको विवरण

मूल्यांकनकर्ताको नाम : .....

पद : .....

हस्ताक्षर : .....

मिति : .....

अनुसूची—२

(दफा ८(३) सँग सम्बन्धित)

स्वास्थ्यकर्मी कार्यसम्पादन मूल्यांकन फाराम

स्वास्थ्यकर्मीको नाम : .....

पद : .....

कार्यरत स्वास्थ्य संस्था : .....

मूल्यांकन अवधि : .....

क्र.सं.	मूल्यांकनका आधार	पूर्णाङ्क	प्राप्ताङ्क	कैफियत
१	नियमित हाजिरी तथा समयपालना	२०		
२	जिम्मेवारी अनुसारको कार्यसम्पादन तथा सेवा प्रवाह	३०		
३	स्वास्थ्य कार्यक्रम कार्यान्वयनमा योगदान	२०		
४	अभिलेख तथा प्रतिवेदन व्यवस्थापन	१०		
५	सेवाग्राहीसँगको व्यवहार तथा व्यावसायिक आचरण	१०		
६	समन्वय, अनुशासन तथा टोलीमा कार्य गर्ने क्षमता	१०		

मूल्यांकनकर्ताको विवरण

मूल्यांकनकर्ताको नाम : .....

पद : .....

हस्ताक्षर : .....

मिति : .....

आज्ञाले:

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत